**लोक सेवा आयोग**
**नेपाल कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, फिसरिज, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, नायव प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## परीक्षा योजना (Examination Scheme)

### १. यस पाठ्यक्रमलाई दुई भागमा विभाजन गरिएको छ ।

| भाग | परीक्षा | विषय | अङ्क भार | प्रश्न संख्या | समय | परीक्षा प्रणाली | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| १ | लिखित | खण्ड (क) सामान्य विषय (सबै समूहका लागि अनिवार्य) | ५० | २५ | ४५ मिनेट | वस्तुगत वहुउत्तर | १०० | ४० |
| | | (खण्ड ख) समूह सम्बन्धी विषय (प्रत्येक समूहका लागि छुट्टाछुट्टै) | ५० | २५ | | | | |
| २ | अन्तर्वार्ता | | | | | | २० | |

२. पाठ्यक्रमको कुनै खण्डमा एकाइ र प्रश्न संख्या छुट्याइएकोमा सोही वमोजिम र यसरी नछुट्याएकोमा यथासम्भव सबै एकाइबाट प्रश्नहरु सोधिनेछन् ।

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनसक्नेछ ।

४. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नहरुको उत्तर सही दिएमा प्रत्येक सही उत्तर बापत २ (दुई) अङ्क प्रदान गरिनेछ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अर्थात् ०.४ अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

५. यस पाठयक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ (तीन) महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा रहेको सम्झनु पर्दछ ।

७. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

८. पाठ्यक्रम लागू मिति - २०५८/९/१७

## लोक सेवा आयोग
## नेपाल कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, फिसरिज, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, नायब प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

### खण्ड (क) सामान्य विषय (सबै समूहका लागि अनिवार्य)

**प्रश्नसंख्या :- २५** **अङ्क :- ५०**

१. नेपालको अर्थतन्त्रमा कृषिक्षेत्रको महत्व ।
२. नेपालको भौगोलिक विविधता सुहाउँदो अन्नबाली, औद्योगिकबाली, फलफूल, तरकारी, पशपंक्षी तथा मत्स्य विकास कार्यक्रम ।
३. कृषि विभाग/पशु सेवा विभागको वर्तमान संगठनात्मक संरचना ।
४. कृषि विकास कार्यक्रममा संलग्न विभिन्न निकायहरुको योगदान ।
५. जिल्ला र सेवाकेन्द्र/उपकेन्द्र स्तरीय Profile तयार गर्ने तरीका र यसको महत्व ।
६. आधुनिक कृषि प्रविधि प्रयोगबाट वातावरणमा पर्ने प्रभाव ।
७. कृषक समूह गठन तथा परिचालन ।
८. कृषि विकासमा महिला कृषकको भूमिका र महिला कृषक विकास कार्यक्रम ।
९. कृषि उपज बढाउन बजारको भूमिका ।
१०. नेपालमा कृषि/पशु विकासका समस्याहरु तथा समाधानको लागि अनुसन्धानको महत्व ।
११. कृषि विकासमा गैरसरकारी, निजी एवं सरकारी निकायहरु बीचको अन्तरसम्बन्ध ।
१२. कृषि/पशु प्रसारमा उपयोग गरिने विभिन्न प्रसार तरीकाहरु र तिनको तुलनात्मक फाइदा र कमजोरीहरु ।
१३. कृषि विकास र विकेन्द्रीकरण ।
१४. कृषि विकास र सहकारीकरण ।

### खण्ड (ख) फिसरिज समूह सम्बन्धी विषय

**प्रश्नसंख्या :- २५** **अङ्क :- ५०**

१. नेपालमा मत्स्य पालनको संक्षिप्त इतिहास तथा वर्तमान अवस्था ।
२. माछाको परिभाषा र माछाको बाहिरी स्वरुप, विभिन्न अंग र ती अंगका कार्य ।
३. नेपालमा पालिएका स्वदेशी र विदेशी माछाहरु र तिनका आहार विहार (Feeding Habit and Habitat) बारे साधारण ज्ञान ।
४. मत्स्य पालनका प्रणाली बारे साधारण ज्ञान
   (क) मोनोकल्चर (Monoculture)
   (ख) पोलीकल्चर (Polyculture)
   (ग) एकीकृत मत्स्य पालन (Integrated fish culture) र त्यसका व्यवस्थापन
      – धानखेतमा मत्स्य पालन ।
      – घाँस खेती र मत्स्य पालन ।
      – पशुपालन र मत्स्य पालन ।
      – फलफूल, तरकारी खेती र मत्स्य पालन ।
५. गाउँघरमा रहेका पुरानो पोखरीमा माछा पालन गर्ने तरिका ।
६. माछा पालन नयाँ पोखरीको निर्माण गर्न उपयुक्त स्थलको छनौट र आधारहरु ।
७. मत्स्य पालनको लागि उपयुक्त पानी र माटोको गुणबारे साधारण ज्ञान ।
८. मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण गर्ने तरिका र ध्यान दिन पर्ने विषयबारे साधारण ज्ञान ।

९. माउ माछाको महत्व, त्यसको छनौट तरिका र व्यवस्थापन ।

१०. माछाको प्रजनन् विधिबारे ज्ञान
 (क) प्राकृतिक प्रजनन्को तयारी र प्रजनन् तरिका ।
 (ख) कृत्रिम प्रजननको तयारी र प्रजनन तरिका ।

११. माछाको बिउ उत्पादन (Fish seed production)
 (क) भुसुना भुराको उत्पादन (Hatchling Production)
 (ख) सानो भुराको उत्पादन (Fry Production)
 (ग) भुरा उत्पादन (Fingerling Production)

१२. माछा भुरा ढुवानी गर्ने विधि ।

१३. माछा (खाने) उत्पादनको व्यवस्थापन :
 (क) पोखरीको तयारी : चून, मलखादको मात्रा एकिन गर्ने र प्रयोग बारे ज्ञान ।
 (ख) माछा भूरा स्टकिङ्ग (Stocking) गर्ने संख्याको निर्धारण र विभिन्न जातका माछा भुराको अनुपात निर्धारण गर्ने ज्ञान ।
 (ग) माछा (खाने) उत्पादन गर्ने तरिकाहरु :
 – सामान्य
 – उन्नत पद्धति
 – सघन पद्धति

१४. माछा उत्पादनको लागि आवश्यक आहाराहरुको पौष्टिक तत्व बारे साधारण ज्ञान र त्यसको व्यवस्थापन ।

१५. माछाको वृद्धि जाँच (Growth check-up) तथा दैनिक हेरचाह ।

१६. माछाको प्रतिपक्षी जीवहरु (Predators), हानिकारक किराहरु (Harmful insects) एवं पानीमा उम्रने विभिन्न झारपातहरु (Aquatic weeds) तिनीहरुको नियन्त्रण बारे ज्ञान ।

१७. माछाको रोगः परजीवी तथा अन्य कारणबाट लाग्ने रोगहरु, त्यसका निदान र उपचारका तरिकाहरु ।

१८. माछा उत्पादनको मूल्यांकन गर्ने तरिकाबारे साधारण ज्ञान ।

१९. माछा मार्ने तथा समात्ने मुख्य उपकरणहरु र तरिका ।

२० मत्स्य विष तथा त्यसको प्रयोग गर्ने तरिका बारे ज्ञान ।

२१. माछाको बजार व्यवस्थापन तरिकाहरु ।

२२. प्राकृतिक जलाशयमा मत्स्य पालन :
 (क) पिंजडा (Cage) मा मत्स्य पालन ।
 (ख) इन्क्लोजर (Enclosure) मा मत्स्य पालन ।

२३. माछा संरक्षण (Preservation) का तरिकाहरु ।

२४. मत्स्य पालन प्रचार प्रसारका पद्धति एवं तत् सम्बन्धी विद्यमान समस्याहरु ।

**<u>द्रष्टव्य</u>** :-

१. लिखित परीक्षाको पाठ्यक्रमका एकाइबाट देहाय अनुसार प्रश्नहरु सोधिने छ :

| पाठ्यक्रमको एकाइ | प्रश्न संख्या |
|---|---|
| १–६ | ४ |
| ७–२० | १९ |
| २१–२४ | २ |
| | २५ |